प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# विलम्ब शुल्कमा रजिष्ट्रेसन फाराम भर्ने म्याद थप सम्वन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०८३।०५।१६ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०८३।०४।०८ गते प्रकाशित रजिष्ट्रेसन फाराम भर्ने वारेको सूचना अनुसार डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहको सम्पुर्ण कार्यक्रमहरुको विलम्ब शुल्कमा रजिष्ट्रेशन फाराम भर्ने अन्तिम म्याद मिति २०८३।०५।०९ गते सम्म रहेकोमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा भर्ना भै अध्ययन गर्ने प्रशिक्षार्थीहरुको कोटा खाली रहेको भनी परिषद् प्रदेश कार्यालयहरुबाट लेखी आएकोले मिति २०८३।०४।०८ गते प्रकाशित सूचनामा उल्लेखित सम्पुर्ण शर्तहरु लागू हुने गरी अध्ययन गर्न इच्छुक आवेदकहरुको रजिष्ट्रेशन Entry गर्ने विलम्ब शुल्कको म्याद देहाय बमोजिम थप गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै कुनै शिक्षण संस्थामा भर्ना भै अध्ययनरत प्रशिक्षार्थीहरुको रजिष्ट्रेसन Entry गर्न छुट भएको भए शिक्षालयहरुले विलम्ब शुल्कमा रजिष्ट्रेसन फाराम भराई Online Entry गर्न गराउनु हुन समेत अनुरोध छ ।

**शिक्षण संस्थाहरुले विलम्ब शुल्कमा रजिष्ट्रेसन फाराम बुझाउने मितिः -**

१. प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षण संस्थामा रजिष्ट्रेसन विलम्ब शुल्कमा फाराम बुझाउने अन्तिम मिति : २०८३।०५।२३ गतेसम्म
२. शिक्षण संस्थाले ITMS मा online Registration Entry गर्ने विलम्ब शुल्कको मिति : २०८३।०५।१७ देखि २०८३।०५।२३ गतेसम्म
३. शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क बैंक दाखिला तथा ITMS online मा voucher upload गर्ने विलम्ब शुल्कको अन्तिम मिति : २०८३।०५।२४ गते
४. शिक्षण संस्थाहरुले रजिष्ट्रेसन फारामहरु इण्डेक्स फाइलमा राखी शिक्षण संस्थाको नाम, कार्यक्रम, इमेल र सम्वन्धित सम्पर्क व्यक्तिको मोवाइल नं, इमेल ठेगाना अनिवार्य रुपमा राखी सम्वन्धित परिषद्को प्रदेश कार्यालयमा मिति २०८३।०५।२६ गते कार्यालय समय भित्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**